# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०

**प्रथम संशोधनः २०७२/०८/२५**
**दोश्रो संशोधनः २०७४/१०/१२**
**तेश्रो संशोधनः २०७५/१०/२१**
**चौथो संशोधनः २०७९/०३/०५**
**पाँचौ संशोधनः २०८०/०८/११**

**प्रस्तावनाः** संघीय प्रणाली अनुरुप विद्यालय तहमा अध्ययनरत विद्यार्थी (खेलाडी) हरुलाई खेलकौशल प्रदर्शन गर्ने अवसर प्रदान गर्नका लागि आयोजना हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई अनुशासित, मर्यादित र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०" रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "केन्द्रस्तरीय (संघस्तरीय) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनौट भई सम्बन्धित प्रदेशको खेलकुद परिषद्बाट सिफारिस भई आएका खेलाडीहरूबीच हुने खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ ।

(ख) "जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले प्रत्येक स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनौट भई आएका सबै खेलका खेलाडीहरु बीच आ-आफ्नो समूहमा जिल्लास्तरमा हुने अन्तर स्थानीय तह खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ ।

(ग) "जिल्ला खेलकुद विकास समिति" भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २४ को उपदफा (३) बमोजिमको जिल्ला खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

(घ) "टिम गेम" भन्नाले दुई वा दुई भन्दा बढी खेलाडी सहभागी भई खेलिने खेललाई सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद बिकास ऐन, २०७७ को दफा ३ बमोजिमको राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्छ ।

(च) "प्रदेश खेलकुद परिषद्" भन्नाले प्रदेशस्तरमा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुने प्रदेश खेलकुद परिषद् वा बोर्ड वा समितिलाई बुझाउनेछ।

(छ) "प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनौट गरी सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरूबीच हुने खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(झ) "राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत १८ वर्ष भन्दा मुनिका छात्र/छात्राहरू बीच आ-आफ्नो समूहमा हुने प्रतियोगितालाई सम्झनु पर्छ ।

(ञ) "स्थानीयतह स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता" भन्नाले प्रत्येक चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत १८ वर्ष भन्दा मुनिका छात्र/छात्राहरू बीच आ-आफ्नो समूहमा सम्बन्धित स्थानीय तहस्तरमा हुने अन्तरविद्यालय खेलकुद प्रतियोगितालाई सम्झनु पर्छ ।

(ट) "विद्यालयमा अध्ययनरत विद्यार्थी" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षा बाह्र सम्म अध्ययनरत विद्यार्थीलाई बुझाउदछ। साथै सो शब्दले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सम्वन्धन प्राप्त कक्षा बाह्र सम्मको समकक्ष हुने वा सो सरहको शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीलाई जनाउँछ ।

## परिच्छेद - २

## स्थानीय तह तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

३. **स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति** : स्थानीय तहमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्न देहायका सदस्यहरु रहेको स्थानीय तह राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ :

(क) सम्वन्धित स्थानीय तहका प्रमुख वा निजले तोकेको खेलकुद विकास समितिको अध्यक्ष - संयोजक

(ख) प्रतियोगिता सञ्चालन हुने स्थानको स्थानीय तहको वडा अध्यक्ष वा निजले तोकेको सदस्य - सदस्य

(ग) सम्बन्धित स्थानीय तहको खेलकुद प्रमुख वा शिक्षा महाशाखा प्रमुख वा शाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ङ) जिल्ला खेलकुद विकास समितिका सदस्यहरुमध्येबाट जिल्ला खेलकुद विकास समितिको अध्यक्षले तोकेको एक जना - सदस्य

(च) सम्बन्धित स्थानीय तहमा रहेका सामुदायिक/संस्थागत विद्यालयहरुका शिक्षकहरु मध्येबाट स्थानीय तहको प्रमुखले कम्तीमा २ जना महिला शिक्षक सहित ४ जना - सदस्य

(छ) सम्बन्धित स्थानीय तहमा बसोबास गर्ने पूर्व खेलाडीहरु वा खेलप्रेमीहरु मध्येबाट संयोजकले तोकेको एक जना - सदस्य

(ज) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख वा निजले तोकेको प्रशिक्षक वा प्रतिनिधि एक जना - सदस्य

(झ) सम्वन्धित प्रत्येक खेल संघको प्रतिनिधि एक जना - सदस्य

(ञ) प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

४. **स्थानीय तह राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकार :** स्थानीय तह राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :

(क) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको व्यवस्थापन तथा अनुगमन गर्ने,

(ख) स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधारको विकास र व्यवस्था गर्ने,

(ग) स्थानीयतह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्न केन्द्रबाट निर्धारित तालिका अनुसार हुने गरी मिति तथा समय तोकी उपयुक्त स्थान छनौट गर्ने,

(घ) सम्बन्धित स्थानीय तहका सम्पूर्ण विद्यालयहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्साहित गर्ने,

(ङ) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना सम्बन्धमा जिल्ला खेलकुद विकास समितिसँग आवश्यक समन्वय गर्ने,

(च) समितिको बैठक सम्बन्धी कार्यविधि तयार गर्ने,

(छ) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने,

(ज) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि सम्बन्धित स्थानीय तहमा विनियोजित रकम खर्च गर्ने,

(झ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक श्रोत जुटाउन पहल गर्ने ,

(ञ) प्रतियोगिता सम्बन्धी उत्पन्न विवादको समाधान गर्ने र

(ट) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार लगायतका उपसमितिहरु गठन गर्ने ।

५. **जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति : (१)** जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना, सञ्चालन तथा समन्वय गर्न देहायका

सदस्यहरु रहेको जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ :

(क) जिल्ला खेलकुद विकास समितिका अध्यक्ष - संयोजक

(ख) प्रतियोगिता सञ्चालन हुने स्थानको स्थानीय तहको प्रमुखले तोकेको प्रतिनिधि - सदस्य

(ग) प्रमुख जिल्ला अधिकारीले तोकेको प्रतिनिधि - सदस्य

(ङ) शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले तोकेको प्रतिनिधि - सदस्य

(च) जिल्लास्थित नेपाली सेनाको प्रमुखले तोकेको प्रतिनिधि - सदस्य

(छ) जिल्ला प्रहरी कार्यालयको प्रमुखले तोकेको प्रतिनिधि - सदस्य

(ज) जिल्लास्थित सशस्त्र प्रहरीको प्रमुखले तोकेको प्रतिनिधि - सदस्य

(झ) प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानाध्यापक वा संस्थाको प्रमुख - सदस्य

(ञ) जिल्लाको सामुदायिक र संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट जिल्ला खेलकुद विकास समितिले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

(ट) सम्बन्धित जिल्लामा खेलकुदमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट जिल्ला समन्वय समितिका प्रमुखले मनोनित गरेको कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

(ठ) सम्वन्धित प्रत्येक खेल संघको प्रतिनिधि एक जना - सदस्य

(ड) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख - सदस्य-सचिव

६. <u>सल्लाकार समिति</u> : (१) प्रतियोगिताको सञ्चालनमा समन्वय, सहयोग तथा सहजीकरण गर्न देहाय बमोजिमको सल्लाहकार समिति रहनेछ :

(क) जिल्ला समन्वय समितिका प्रमुख - संयोजक

(ख) प्रतियोगिता सञ्चालन हुने स्थानको स्थानीय तहको प्रमुख - सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) जिल्ला समन्वय अधिकारी - सदस्य

(ङ) शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख - सदस्य

(च) जिल्लास्थित नेपाली सेनाको प्रमुख - सदस्य

(छ) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ज) जिल्लास्थित सशस्त्र प्रहरीको प्रमुख - सदस्य

(झ) जिल्ला खेलकुद विकास समितिका अध्यक्ष - सदस्य

(ञ) प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानाध्यापक वा संस्थाको प्रमुख - सदस्य

(ट) जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको निर्देशन अनुसार जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन तथा व्यवस्थापन जिल्ला खेलकुद विकास समितिबाट हुनेछ ।

७. **<u>जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकार :</u>** जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् :

(क) जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्ने,

(ख) प्रतियोगिताका लागि आवश्यक स्रोत, साधन तथा सामग्रीहरु व्यवस्थापन गर्ने,

(ग) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार लगायतका उपसमितिहरु गठन गर्ने,

(घ) प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार स्थानीय तहहरु एवं सरोकारवालाहरुसँग समन्वय गर्ने,

(ङ) स्थानीयस्तरबाट छनौट भएका खेलाडी (विद्यार्थीहरु) र विद्यालयहरु सहभागी गराई कार्यक्रम सम्पन्न गर्ने,

(च) जिल्लास्तरीय प्रतियोगिता सम्पन्न गरी विजयी खेलाडीहरुलाई निर्धारित कोटा अनुसार छनौट गरी प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराउने,

(छ) केन्द्रस्तरीय र प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले दिएको निर्देशनहरुको पालना गर्ने, गराउने ।

८. **<u>जिल्लास्तरीय प्रतियोगितामा सहभागीताको आधार :</u>** (१) स्थानीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजकले स्थानीयस्तरमा प्रतियोगिता सञ्चालन गरी देहायका आधारमा खेलाडीलाई तथा टोलीलाई जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराउनु पर्नेछ।

(क) ५ भन्दा कम स्थानीय तह भएमा प्रथम, द्वितीय र तृतीय

(ख) ५ वा सो भन्दा बढी स्थानीय तह भएमा प्रथम र द्वितीय

(२) टिम गेममा प्रत्येक स्थानीय तहले प्रत्येक इभेन्ट्समा एउटा मात्र टिम सहभागी गराउन पाउनेछ।

९. **<u>प्रतियोगिता सञ्चालन प्रक्रियाः</u>** (१) स्थानीय तहस्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले अनुसूची -१ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराई तोकिएको समयमा आयोजकलाई उपलव्ध गराउनु पर्नेछ ।

(२) स्थानीयस्तरीय वा जिल्लास्तरीय प्रतियोगिताका विजयी खेलाडीलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

(३) स्थानीयस्तरीय वा जिल्लास्तरीय प्रतियोगिताका विजयी विद्यालयहरूलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

(४) स्थानीय तहस्तरीय प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्ट्सहरू अनुसूची -४ मा उल्लेख गरे बमोजिम हुनेछन् ।

(५) आयोजकले स्थानीय तहको प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी कम्तिमा १५ दिन अगावै विद्यालयहरूलाई उपलव्ध गराउनुपर्नेछ।

(६) जिल्लास्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित स्थानीय तहले अनुसूची-१ बमोजिमको फाराम खेलाडी वा विद्यार्थीबाट भराई तोकिएको समयमा आयोजकलाई उपलव्ध गराउनु पर्नेछ।

(७) आयोजकले स्थानीय प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची -५ बमोजिमको ढाँचामा जिल्ला खेलकुद विकास समितिमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(८) आयोजकले जिल्लास्तरीय प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची-६ बमोजिमको ढाँचामा सार्वजनिक गरी सम्बन्धित प्रदेश खेलकुद हेर्ने निकाय र परिषद्मा पठाउनु पर्नेछ ।

(९) स्थानीय प्रतियोगितामा सहभागी हुन आउँदा प्रत्येक विद्यालयबाट र जिल्ला स्तरमा सहभागी हुन आउँदा प्रत्येक स्थानीय तहबाट टिम इभेन्ट्सहरुमा एक एक टिम र अन्य इभेन्ट्समा बढीमा तीन तीन जना खेलाडीहरूलाई सहभागी गराउन सकिनेछ। एथ्लेटिक्स इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउनेछन्।

(१०) प्रत्येक विद्यालयले भलिबल खेलतर्फ बढीमा नौ नौ जनासम्म खेलाडी छात्र/छात्राहरू पठाउन सक्नेछन् ।

(११) मार्सल आर्ट खेलको हकमा स्थानीय तहले प्रतियोगिता आयोजना गरी खेलाडीहरुको सिफारिस गर्नु पर्नेछ ।

तर खेलाडीहरुको उपलब्धता तथा खेलको प्रकृति अनुसार प्रतिस्पर्धा गराउन सम्भव नभएमा तौल समूह अनुसारका खेलाडीलाई छनौट गरी जिल्लाको प्रतिस्पर्धामा सो व्यहोराको सिफारिस सहित सहभागिताका लागि पठाउन सक्नेछ ।

(१२) आयोजकले प्रतियोगिताको टाइसिट तयार गर्नु पर्नेछ ।

(१३) आयोजकले प्रत्येक इभेन्ट्सका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ। सञ्चालित प्रतियोगिताको पदक संख्याको आधारमा प्रथम हुनेलाई शिल्ड सहित नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ । साथै द्वितीय र तृतीय हुनेहरुलाई ट्रफी, नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(१४) जिल्ला खेलकुद विकास समितिले प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन पठाउँदा सम्बन्धित खेलाडीलाई पोशाक र खेलकुदको झण्डाको व्यवस्था गर्नु पर्नेछ। उक्त प्रतियोगितामा सहभागी हुने खेलाडीको यातायात खर्च सम्बन्धित जिल्ला खेलकुद विकास समितिले व्यहोर्नु पर्नेछ ।

(१५) आयोजकले प्रतियोगिता सञ्चालन गर्न स्थानीय स्तरमा थप स्रोत जुटाउन सक्नेछ।

(१६)जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको एथ्लेटिक्स प्रतियोगितामा विजयी खेलाडीहरूलाई प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ तथा भलिबल र कबड्डी खेलमा सहभागी हुने खेलाडीहरूको छनौट खेल प्राविधिकहरुको परामर्शमा उत्कृष्ट खेलाडीहरूमध्येबाट आयोजक समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

(१७) काबु बाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नु परेमा आयोजकले सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको लिखित जानकारी प्रदेश खेलकुद परिषद् र परिषद्लाई गराउनु पर्नेछ।

(१८) आयोजकले पूर्वाधार र बसोबासको व्यवस्थालाई समेत विचार गरी इच्छुक विद्यालयहरूका बीच वर्षे पिच्छे अलग-अलग स्थानमा आपसी समझदारीमा झण्डा हस्तान्तरण गरिने प्रक्रियाद्वारा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

(१९) आयोजकले विनियोजित रकमको खर्चको विवरण लेखा परिक्षण गराई सोको प्रतिवेदन सो आ.व. समाप्त भएको एक महिनाभित्र प्रदेश खेलकुद परिषद् र परिषद्मा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

## परिच्छेद - ३

## प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

१०. **प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजक समिति** : प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना, सञ्चालन तथा समन्वय गर्न देहायका सदस्यहरु रहेको प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजक समिति रहनेछ :

(क) सम्बन्धित प्रदेशको खेलकुद परिषद्को कार्यकारी प्रमुख वा सदस्य सचिव - संयोजक

(ख) सम्बन्धित प्रदेशको खेलकुद हेर्ने मन्त्रालयको खेलकुद महाशाखा प्रमुख - सदस्य

(ग) सम्बन्धित प्रदेशका शिक्षा विकास निर्देशनालयको अधिकृत प्रतिनिधि - सदस्य

(घ) नेपाली सेनाको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) नेपाल प्रहरीको अधिकृत प्रतिनिधि - सदस्य

(च) सशस्त्र प्रहरीको अधिकृत प्रतिनिधि - सदस्य

(छ) सम्वन्धित प्रत्येक खेल संघ वा महासंघको प्रतिनिधि एक जना - सदस्य

(ज) प्रदेशको खेलकुद हेर्ने कार्यालयको प्रमुख -सदस्य सचिव

११. **<u>सल्लाकार समिति</u>** : (१) प्रतियोगिताको सञ्चालनमा समन्वय, सहयोग तथा सहजीकरण गर्न देहाय बमोजिमको सल्लाहकार समिति रहनेछ :

(क) सम्बन्धित प्रदेशको खेलकुद हेर्ने मन्त्री - संयोजक

(ख) सम्बन्धित प्रदेशको खेलकुद हेर्ने सचिव - सदस्य

(ग) सम्बन्धित प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयको सचिव - सदस्य

(घ) सम्बन्धित प्रदेशको खेलकुद परिषद्को उपाध्यक्ष - सदस्य

(ङ) सम्बन्धित प्रदेशका शिक्षा विकास निर्देशनालय प्रमुख - सदस्य

(च) सम्बन्धित प्रदेशको मन्त्रालयको खेलकुद हेर्ने महाशाखा प्रमुख सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठकको आयोजना संयोजकको निर्देशनमा सदस्य-सचिवले गर्नेछ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार अन्य व्यक्ति तथा संस्थाका प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यको रुपमा निमन्त्रणा गर्न सकिनेछ ।

१२. **<u>प्रतियोगिता सञ्चालन प्रक्रिया:</u>** (१) जिल्ला खेलकुद विकास समितिले प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन छनौट भएका खेलाडीहरूबाट अनुसूची -१ बमोजिमको फारम भराई आयोजकलाई तोकिएको समयभित्र उपलब्ध गराउनु पर्नेछ ।

(२) प्रतियोगिताका विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

(३) प्रतियोगिताका विजयी जिल्लालाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

(४) प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्ट्सहरू अनुसूची-४ बमोजिम हुनेछन्।

(५) आयोजकले प्रतियोगिता सञ्चालन गर्नु भन्दा १५ दिन अगावै प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलको विवरण सहितको जानकारी सम्बन्धित जिल्ला खेलकुद विकास समितिहरूलाई पठाउनु पर्नेछ ।

(६) आयोजकले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेल नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धि प्रदेश खेलकुद हेर्ने मन्त्रालय र परिषद्मा पठाउनु पर्नेछ ।

(७) प्रत्येक जिल्लाबाट टिम इभेन्ट्सहरुमा एक-एक टिम र अन्य इभेन्ट्समा बढीमा दुई जना खेलाडीहरूलाई सहभागी गराउन सकिनेछ।एथ्लेटिक्स इभेन्टका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउनेछन्।

(८) प्रत्येक जिल्लाबाट भलिबलतर्फ बढीमा नौ नौ जना छात्र/छात्रा खेलाडीहरू र एक जना प्रशिक्षक, प्रत्येक खेलको एक जना व्यवस्थापक, एथ्लेटिक्सतर्फ बढीमा एघार एघार जना छात्र/छात्रा खेलाडीहरू र एक जना प्रशिक्षक, मार्सल आर्ट खेलका प्रत्येक तौल समूहमा प्रथम हुने छात्र/छात्रा खेलाडी र प्रत्येक खेलका एक एक जना प्रशिक्षक र कबड्डी खेल तर्फ नौ नौ जना छात्र/छात्रा खेलाडी र एक जना प्रशिक्षक सहभागी हुन सक्नेछ। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष र कार्यालय प्रमुख वा निजले तोकेको एक जना कर्मचारी गरी बढीमा जम्मा एक सय एघार जना सम्मको टोली प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन सक्नेछन्।

(९) आयोजकले प्रतियोगिताको खेल तालिका (टाइसिट) तयार गर्नु पर्नेछ।

(१०) प्रतियोगिताको आयोजकले प्रत्येक इभेन्ट्सका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ।सञ्चालित प्रतियोगितामा प्रथम हुने जिल्लालाई शिल्ड सहित नगद, ट्रफी र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ। साथै द्वितीय र तृतीय हुने जिल्लालाई ट्रफी, नगद र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(११) केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन जाँदा सम्बन्धित प्रदेश खेलकुद परिषद्ले खेलाडीहरूलाई पोशाक र प्रदेश खेलकुद झण्डाको व्यवस्था गर्नु पर्नेछ।

(१२) आयोजकले प्रतियोगिता सञ्चालन गर्न थप स्रोत जुटाउन सक्नेछ।

(१३) एथ्लेटिक्स र मार्सल आर्ट खेलका प्रतियोगितामा विजयी खेलाडीहरूलाई केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ । खेलमा सहभागी हुने खेलाडीहरूको छनौट प्रदेश खेलकुद परिषद्ले प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका उत्कृष्ट खेलाडीहरूमध्येबाट सिफारिस गरे बमोजिम हुनेछ ।

(१४) काबु बाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा आयोजकले सोको कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको लिखित जानकारी परिषद्लाई गराउनु पर्नेछ ।

(१५) आयोजकले प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन आउने टोली नेता तथा प्रत्येक खेलका एक एक जना प्रशिक्षक र खेलाडी सहितको टोलीलाई कम्तिमा चार दिनसम्म टोली नेता र प्रशिक्षकलाई र खेलाडीलाई प्रचलित कानून बमोजिमको दैनिक भत्ता वापतको रकम व्यवस्था गर्नुपर्नेछ।

(१६) आयोजकले कार्य सम्पन्न प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र प्रदेशको खेलकुद हेर्ने मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्मा पठाउनुपर्नेछ ।

## परिच्छेद - ४
## केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

१३. **प्रतियोगिताको आयोजना तथा व्यवस्थापनः** (१) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना, व्यवस्थापन, सञ्चालन र समन्वय गर्न देहायका सदस्यहरु रहेको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

(क) सदस्य सचिव, राष्ट्रिय खेलकुद परिषद् - संयोजक

(ख) प्रतियोगिता आयोजना हुने प्रदेशको सदस्य सचिव - सदस्य

(ग) उपसचिव, मन्त्रालय, खेलकुद प्रतियोगिता शाखा - सदस्य

(घ) प्रमुख, प्रशासन विभाग, राष्ट्रिय खेलकुद परिषद् - सदस्य

(ङ) सम्बन्धित खेलहरुका प्रमुख प्रशिक्षक एक एक जना - सदस्य

(च) राष्ट्रिय खेलकुद परिषद्, खेलकुद प्रतियोगिता विभागका विभागीय प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) को सदस्यको हकमा प्रदेश खेलकुद परिषद् गठन नभई सदस्य सचिव नभएको अवस्थामा प्रदेश खेलकुद हेर्ने मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना, सञ्चालन एवं व्यवस्थापनमा राष्ट्रिय खेलकुद परिषद्बाट सम्बन्धित खेल संघलाई समेत परिचालन गरी गर्नु पर्नेछ।

१४. **प्रतियोगिता सञ्चालन प्रक्रियाः** (१) प्रतियोगितामा सहभागी हुन छनौट भएका खेलाडीहरूलाई अनुसूची-१ बमोजिमको फारम भराई विवरण सम्बन्धित प्रदेश खेलकुद परिषद्ले सिफारिसका साथ आयोजकलाई तोकिएको समय भित्र उपलब्ध गराउनु पर्नेछ।

(२) प्रतियोगिताका विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

(३) प्रतियोगिताका विजयी प्रदेशहरूलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्ट्सहरू अनुसूची -४ बमोजिम हुनेछन्।

(५) आयोजकले प्रतियोगिता सञ्चालन गर्नु भन्दा १५ दिन अगावै प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी सबै प्रदेश खेलकुद परिषद्हरूलाई पठाउनु पर्नेछ ।

(६) प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र आयोजकले खेल नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(७) प्रत्येक प्रदेशबाट टिम इभेन्ट्सहरुमा एक-एक टिम र अन्य इभेन्ट्समा बढीमा एक एक जना खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ। एथ्लेटिक्स इभेन्टका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउनेछन् ।

(८) प्रत्येक प्रदेशबाट भलिबलमा दश दश (छात्र/छात्रा) खेलाडी, २ प्रशिक्षक, एथ्लेटिक्सतर्फ एघार एघार (छात्र/छात्रा) खेलाडी, दुई प्रशिक्षक, कबड्डीमा दश दश (छात्र/छात्रा) खेलाडी, दुई प्रशिक्षक, मार्शलआर्ट तर्फ प्रत्येक तौल समूहका प्रथम हुने छात्र/छात्रा एक एक जनाको दरले ३६ खेलाडी र एक एक जना प्रशिक्षक र प्रत्येक खेलका १/१ जना व्यवस्थापक र टोली नेता एक र उपनेता एक जना समेत गरी बढीमा ११५ जनासम्म सहभागी हुन सक्नेछन्। जसमध्ये भलिवल र कबड्डी खेलमा प्रशिक्षक र व्यवस्थापक गरी ३ जना मध्ये कम्तीमा एक जना महिला अनिवार्य सहभागी गराउनु पर्नेछ ।

(९) आयोजकले प्रतियोगिताको तालिका (टाइसिट) तयार गर्नु पर्नेछ ।

(१०) प्रतियोगिताको आयोजकले प्रत्येक इभेन्ट्सका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।सञ्चालित प्रतियोगितामा प्रथम हुने प्रदेशलाई शिल्ड सहित नगद, ट्रफी र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।साथै द्वितीय र तृतीय हुने प्रदेशलाई ट्रफी, नगद र प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(११) आयोजकले व्यक्तिगत इभेन्ट्समा प्रथम, द्वितीय र तृतीय हुनेलाई नगद पुरस्कार सहित प्रमाणपत्रको व्यवस्था गर्नु पर्नेछ । टिम गेमको हकमा प्रथम, द्वितीय र

तृतीय हुने टिमका प्रत्येक खेलाडीलाई  नगद पुरस्कार सहित प्रमाणपत्रको व्यवस्था गर्नु पर्नेछ।

(१२) आयोजकले प्रदेशबाट सहभागी हुन आउने टोलीलाई रा.प.अनं प्रथम श्रेणी सरहको सुविधाको व्यवस्था गर्नु पर्नेछ। यातायातको हकमा प्रदेश स्तरीय प्रतियोगिता सञ्चालन भएको स्थानदेखि केन्द्रस्तरको प्रतियोगिता सञ्चालन भएको स्थानसम्मको स्थल मार्गको आतेजाते यातायात खर्च उपलब्ध गराउनु पर्नेछ।

तर प्रतियोगिता सञ्चालन हुने सम्बन्धित प्रदेशको हकमा नियमानुसार हुनेछ ।

(१३) आयोजकले प्रतियोगिता सञ्चालन गर्न थप स्रोत जुटाउन सक्नेछ ।

(१४) एथ्लेटिक्सतर्फको केन्द्र स्तरीय प्रतियोगितामा राष्ट्रिय रेकर्ड तोड्ने प्रत्येक छात्र/छात्रालाई नगद पुरस्कार सहित उत्कृष्ट खेलाडीको प्रमाण-पत्र प्रदान गरिनेछ ।

(१५) काबु बाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नु परेमा आयोजकले सो को कारण सहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ ।

(१६) विशेष परिस्थिति बाहेक देहायको कार्यतालिका अनुसार रनिङ्गशिल्ड प्रतियोगिता संचालन गर्नु पर्नेछः

| स्थानीय तह | जिल्ला | प्रदेश | केन्द्र |
|---|---|---|---|
| कार्तिक सम्म (हिमाली जिल्लाको हकमा असोज सम्म) | पुष सम्म (हिमाली जिल्लाको हकमा मंसिर सम्म) | माघ सम्म | फाल्गुन सम्म |

## परिच्छेद - ५
## विविध

**१५.** **शिल्ड सम्बन्धी व्यवस्था :** (१) राष्ट्रपति रनिङ शिल्ड  प्रतियोगितामा अघिल्लो वर्षको शिल्ड विजयीलाई रनिङ शिल्डको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइनेछ।

तर लगातार तीन पटकसम्म रनिङ शिल्ड प्रतियोगितामा विजयी हुनेले सो शिल्ड सधैंको लागि राख्न पाउनेछ।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम भएमा आयोजकले नयाँ शिल्डको व्यवस्था गर्नुपर्नेछ।

(३) रनिङ शिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साबिक बमोजिमकै रनिङ शिल्ड तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ।

१६. **मूल्याङ्कनका आधारहरू:** (१) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश भएका सम्पूर्ण खेल/विधा तथा प्रत्येक इभेन्ट्सहरुको (व्यक्तिगत तथा सामूहिक स्पर्धातर्फ) प्रथम स्थान हासिल गर्नेलाई स्वर्ण, द्वितीय स्थान हासिल गर्नेलाई रजत र तृतीय स्थान हासिल गर्नेलाई कास्य पदक र प्रमाणपत्र दिइनेछ। समग्रमा प्रथम, द्वितीय र तृतीय स्थानको निर्णय गर्दा स्वर्ण, रजत र कास्य पदक संख्याको आधारमा क्रमशः स्थान निर्धारण गरिनेछ ।

तर उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समग्रमा प्रथम, द्वितीय र तृतीय स्थानको निर्धारण गर्दा ऐच्छिक खेलको पदकको अङ्क गणना गरिने छैन ।

(२) प्रतियोगितामा समावेश खेल/ इभेन्टस् सञ्चालनको क्रममा उक्त खेल वा इभेन्ट्सको निर्णयमा चित्त नबुझी उक्त निर्णय माथि आवश्यक जाँचबुझ गरी उक्त निर्णयका लागि केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन समिति समक्ष अनुसूची -९ बमोजिमको ढाँचामा उजुरी दिदा उजुरी कर्ताले उजुरीका साथ टिम गेमको हकमा रु ३००० र अन्य खेल इभेन्टस् को हकमा रु १००० सम्लग्न राखी उजुरी गर्नु पर्नेछ । यसरी उजुरी कर्ताले उजुरी दिदा खेल वा इभेन्टस् समाप्त भएको १ घन्टाभित्र प्रतियोगिता सञ्चालन समिति समक्ष उजुरी दिइसक्नु पर्नेछ साथै उजुरी कर्ताको उजुरी सही सावित भएमा उजुरी बापत बुझाएको रकम मध्ये ७५ प्रतिशत रकम फिर्ता गरिने छ ।

१७. **ऐच्छिक खेल सम्बन्धी व्यवस्था :** (१) अनुसूची-४ मा उल्लेख भए बाहेकका अन्य खेलहरू ऐच्छिक खेलको रुपमा स्थानीय तह, जिल्ला र प्रदेशले खेलाउन सक्नेछ । ऐच्छिक खेलको हकमा सहभागी सम्पूर्ण टिमको सञ्चालन एवं अन्य खर्च आयोजकले नेपाल सरकारलाई अतिरिक्त व्ययभार नपर्ने गरी गर्नु पर्नेछ ।

**(२) उपदफा (१) मा** जुनसुकै कुरा लेखिएको भएता पनि कम्तीमा ४ वटा प्रदेशबाट कुनै ऐच्छिक खेल छनौट गरी उक्त खेलको प्रतियोगिता आयोजनाका लागि अनुरोध भई आएमा केन्द्रले आवश्यक बजेटको व्यवस्था गरी प्रतियोगिता आयोजना गर्न सक्नेछ।

१८.	**<u>खेलकुद प्रतियोगितामा विद्यार्थी सहभागी नहुने अवस्था :</u>** देहाय बमोजिमको अवस्था भएमा विद्यार्थी खेलकुद प्रतियोगितामा सहभागी हुन सक्नेछैनन् :

(क) अन्तराष्ट्रियस्तरको प्रतियोगितामा पदक विजेता खेलाडी ।

(ख) प्रतियोगितामा मापदण्ड विपरितका खेलाडीले पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम् प्रतिस्पर्धी खेलाडीलाई सो पदक प्रदान गरिनेछ। मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने निकायलाई आयोजक समितिले अनुशासनको कारवाही स्वरुप बाँकी सबै इभेन्टमा सहभागी गराउने छैन । टिम गेमको हकमा पनि सोहि नियम लागु हुनेछ ।

१९.	**<u>खेलको सञ्चालनः</u>** तीनै तहको प्रतियोगितामा सञ्चालनहुने खेलहरु सम्बन्धित खेल संघ वा महासंघ मार्फत संचालन गर्न सकिने छ।

२०.	**<u>जन्मदर्ता प्रमाण-पत्र पेश गर्नुपर्ने :</u>** स्थानीय प्रतियोगितामा सहभागी हुनका लागि सहभागी खेलाडीहरुले जन्म दर्ताको प्रमाण-पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । माथिल्लो तहको प्रतियोगितामा सहभागी हुन छनौट भएका खेलाडीहरुको हकमा फारामसँग जन्म दर्ता प्रमाण-पत्रको छाँयाँ प्रति संलग्न गर्नुपर्नेछ ।

२१.	**<u>बीमा सम्बन्धी व्यवस्था</u>** : (१) केन्द्रस्तरमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन आउने टोलीको खेल अवधि भरको सामुहिक दुर्घटना बीमाको व्यवस्था आयोजकले गर्नुपर्नेछ ।

(२) स्थानीय तह र प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा आयोजकले खेल अवधिभर सहभागी हुने टोलीको सामुहिक दुर्घटना बीमाको व्यवस्था गर्नुपर्नेछ ।

२२.	**<u>बाधा अड्काउ फुकाउनेः</u>** निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै बाधा आइपरेमा राष्ट्रिय खेलकुद परिषद्को सिफारिसमा मन्त्रालयले फुकाउनेछ ।

२३.	**<u>निर्देशिकाको संशोधनः</u>** निर्देशिकाको संशोधन मन्त्रालयले गर्न सक्नेछ।

२४.	**<u>खारेजी र बचाउः</u>** (१) “राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०६८” खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारवाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१
## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

**(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)**

**प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमूना**

१. सहभागी विद्यार्थीको नाम :
२. विद्यालयको नाम / ठेगाना :
३. अध्ययनरत कक्षा :
४. जन्म मिति :
५. सहभागी हुने खेल :
६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

## अनुसूची -२

## विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण- पत्रको ढाँचा

**(दफा ९ को उपदफा (२), दफा १२ को उपदफा (२), दफा १४ को उपदफा (२) सँग सम्बन्धित)**

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्कोसंयोजकत्वमा केन्द्र स्तरीय-प्रदेश खेलकुद परिषद्-जिल्ला स्तरीय खेलकुद विकास समिति-स्थानीयतह स्तरीय प्रतियोगिता आयोजक समितिद्वारा आयोजित अन्तर विद्यालय स्थानीय तह स्तरीय-जिल्ला स्तरीय- प्रदेश स्तरीय-केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको.................................................. विधामा...................... स्थान हासिल गर्नु भएकोमा श्री ...................................................... विद्यालय ........................... न.पा-गा.पा ................. जिल्लाका श्री ........................ लाई सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| .................... | ..................... | .................... |
| दस्तखत | दस्तखत | दस्तखत |

## अनुसूची -३

### विजयी विद्यालय-जिल्ला-प्रदेशलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा

**(दफा ९ को उपदफा (३), दफा १२ को उपदफा (३), दफा १४ को उपदफा (३) सँग सम्बन्धित)**

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा ............... केन्द्र स्तरीय-प्रदेश-जिल्ला- स्थानीय तह स्तरीय प्रतियोगिता आयोजक समिति .............. द्वारा आयोजित अन्तर विद्यालयरस्थानीय तह स्तरीय-जिल्ला स्तरीय-प्रदेश स्तरीय- केन्द्रीय .............. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ........................................... स्थान हासिल गर्नु भएकोमा श्री ........................................................... विद्यालय ............ न.पा.-गा.पा. .............. जिल्ला .................... प्रदेश ............................ लाई धन्यवाद सहित यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| दस्तखत | दस्तखत | दस्तखत |

(पुनश्चः — प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाणपत्रमा आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका महानुभावहरुको मात्र दस्तखत हुनेछ ।)

## अनुसूची - ४

### राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिएका खेलहरूको विवरण
(दफा ९ को उपदफा (४), दफा १२ को उपदफा (४) र दफा १४ को उपदफा (४) सँग सम्बन्धित)

१.भलिबल :

छात्रः

छात्राः

२. कबड्डी :

छात्रः

छात्राः

३. एथ्लेटिक्स :

क. दौड (ट्रयाक) तर्फः

छात्रः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४“१०० मि. रिले, ४“४०० मि. रिले ।

छात्राः १०० मि., २०० मि., ४०० मि., ८०० मि., १५०० मि., ३००० मि., ४“१०० मि. रिले, ४“४०० मि. रिले ।

ख. उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड ।

छात्रा : हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटफुट ८ पाउन्ड ।

४. मार्सल आर्ट तर्फः

क. कराँते

छात्रः U ‘४२ केजी, U ‘४७ केजी, U ‘५२ केजी, U ‘५७ केजी, U ‘६२ केजी, काता (एकल)

छात्राः U ‘४० केजी, U ‘४५ केजी, U ‘५० केजी, U ‘५५ केजी, U ‘६० केजी, काता (एकल)

ख. तेक्वान्दो

छात्र : U ‘४५ केजी, U ‘४८ केजी, U ‘५१ केजी, U ‘५५ केजी, U ‘५९ केजी र एकल पुम्से

छात्रा : U ‘४२ केजी, U ‘४४ केजी, U ‘४६ केजी, U ‘४९ केजी, U ‘५२ केजी र एकल पुम्से

ग. उसु

थाओलु तर्फः

छात्र : Chang Quan, Nan Quan, and Taiji Quan

छात्रा : Chang Quan, Nan Quan, and Taiji Quan

सान्सौ तर्फः

छात्र : ४२ के.जी., ४५ के.जी., ४८ के.जी.

छात्रा : ४२ के.जी., ४५ के.जी., ४८ के.जी.

## अनुसूची-५

## प्रगति प्रतिवेदन ढाँचा

## (दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

मिति

श्री...........................

**विषयः प्रगति प्रतिवेदन पेश गरिएको ।**

स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा................ जिल्लामा सञ्चालित स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति ..........................देखि ............................सम्म स्थान..................... जिल्ला ..................... न.पा /गा.वि.स ............................ वडा नं. ...........................

प्रमुख अतिथिः

**क. सम्बन्धित स्थानीय तह स्तरीय प्रतियोगिताका सहभागीहरुको विवरण**

| स्थानीय तहको नाम | जम्मा विद्यालय संख्या | सहभागी विद्यालयको नाम, ठेगाना | विद्यालयको प्रकार सामुदायिक/संस्थागत | सहभागी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

**ख. विभिन्न खेल विधामा प्रथम स्थान हाँसिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

| खेल विधा | सहभागी वा टोली संख्या | विजयी विद्यालयको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम, ठेगाना | | | |
| द्वितिय हुने विद्यालयको नाम, ठेगाना | | | |

**अनुसूची — ६**
**प्रगति प्रतिवेदन ढाँचा**
**(दफा ९ को उपदफा (८) सँग सम्बन्धित)**

मिति :

श्री ........................................ ।

**विषय : प्रगति प्रतिवेदन पेश गरिएको ।**

जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा .................... जिल्लामा सञ्चालित जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मितिः ...................................... देखि ....................................................सम्म

स्थान :................................ जिल्ला ................ न.पा.-गा.वि.स. .................. वडा नं. ...........

प्रमुख अतिथिः

**क. सम्बन्धित जिल्लास्तरीय प्रतियोगिताका सहभागीहरुको विवरण**

| स्थानीय तहहरु | जम्मा विद्यालय संख्या | सहभागी विद्यालयको नाम, ठेगाना | विद्यालयको प्रकासर सामुदायीक/संस्थागत | सहभागी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

**ख. विभिन्न खेल विधामा प्रथम स्थान हाँसिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

| खेल विधा | सहभागी वा टोली संख्या | विजयी विद्यालयको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम, ठेगानाः | | | |
| द्वितिय हुने विद्यालयको नाम, ठेगानाः | | | |

## अनुसूची-७
## प्रगति प्रतिवेदन ढाँचा
## (दफा १२ को उपदफा (६) सँग सम्बन्धित)

मितिः

श्री................................।

**विषयः प्रगति प्रतिवेदन पेश गरिएको ।**

प्रदेश खेलकुद विकास समितिद्वारा सञ्चालित ........... प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मिति : ........................................ देखि ............................................. सम्म

स्थानः ................ जिल्ला ................ न.पा.-गा.वि.स. ................... वडा नं. ...........

प्रमुख अतिथि :

**क. सम्बन्धित प्रदेश स्तरीय प्रतियोगिताका सहभागीहरुको विवरणः**

| जम्मा जिल्ला | सहभागी जिल्ला | सहभागी विद्यालय | | | सहभागी विद्यार्थी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक तर्फ | | संस्थागततर्फ | | कूल | |
| | | | | | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**ख. विभिन्न खेल विधामा प्रथम स्थान हाँसिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

| खेल विधा | सहभागी वा टोली संख्या | विजयी जिल्लाको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम, ठेगानाः | | | |
| द्वितिय हुने विद्यालयको नाम, ठेगानाः | | | |

## अनुसूची -८
## प्रगति प्रतिवेदन ढाँचा
## (दफा १४ को उपदफा (६) सँग सम्बन्धित)

मिति :

श्री युवा तथा खेलकुद मन्त्रालय,
काठमाडौं ।

**विषय : प्रगति प्रतिवेदन पेश गरिएको ।**

राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी सोको प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

प्रतियोगिता सञ्चालन मितिः ........................................ देखि .................................... सम्म

स्थानः ............... जिल्ला ............... न.पा.-गा.वि.स. .................. वडा नं. ...........

प्रमुख अतिथिः

**क. केन्द्र स्तरीय प्रतियोगिताका सहभागीहरुको विवरण**

| क.स | सहभागी प्रदेशको नाम | प्रतिनिधि संख्या | सहभागी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

**ख. विभिन्न खेल विधामा प्रथम स्थान हाँसिल गर्ने विद्यार्थी तथा विद्यालयको विवरण**

| खेल विधा | सहभागी वा टोली संख्या | विजयी प्रदेशको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम, ठेगानाः | | | |
| द्धितिय हुने विद्यालयको नाम, ठेगानाः | | | |

**ग. राष्ट्रिय रेकर्ड कायम भएको भए सोको विवरण**

| क.स+= | नाम, थर | खेलको नाम | विद्यालयको ठेगाना | जिल्ला | नयाँ रेकर्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**अनुसूची-९**
**(दफा १६ को उपदफा (२) सँग सम्वन्धित)**

श्री केन्द्र/प्रदेश/जिल्ला/स्थानीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन समिति/आयोजक ज्यू,
.......................................................................
............................................................................ ।

**विषयः उजुरी सम्वन्धमा ।**

महोदय

प्रस्तुत विषयमा मलाई .........................................खेल/इभेन्ट सञ्चालनको क्रममा उक्त खेल/इभेन्टको निर्णयमा तपशील बमोजिमका विषय/बुँदामा चित्त नबुझेकोले उक्त निर्णयमाथि आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गरिदिनु हुन अनुरोध छ ।

तपशील

१.
२.
३.

निवेदक
खेलाडीको नामः
दस्तखतः
मितिः